# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७८/०३/०७

**आठौं अधिवेशन**

**(चौधौं वैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको चौधौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय डडेल्धुरा जिल्लाको पर्शुराम गाउपालिकामा आधारभुत स्वास्थ्य ईकाइ केन्द्र जम्रनीमा कार्यरत अस्मिता धामी एक जना कर्मचारी आफ्नो कार्यालयको कोभिडका बिरामी हरुलाइ उपचार गरिकन त्यसको रिपोर्टका साथसाथै थप अन्य कामहरुको लागि आफ्नो कार्यालयमा जाँदै गरेकोमा २०७८ शाल ३ महिना २ गते बिहान ११ बजे आफ्नो कार्यालयबाट बाटोमा हट्यानि भन्ने जङ्गलमा मृत अवस्थामा फेला परेको ५ गते फेला परेको बुझियको छ र त्यसको बरिपरि हेर्दा गर्दा र त्यसका वरिपरिका अवशेस हेर्दा खेरि बिबस हत्या गरेको देखिन्छँ र हामीले त्यहा सम्बन्धीत निकायमा बुझ्दा गर्दा त्यहा सम्पर्क गर्दा हामीले त्यसको वरिपरि दारु खायको सिसाको बोतल देखि लियर बाटो भन्दा करिबन पुरानो बाटो भन्दा ५-७ मिटर दायाँ तिर र पुरानो बाटो भन्दा करिबन ७० मिटर टाढा त्यो लाश फेला परेको छ उहाको अवस्था फेरि सानो ३ बर्षको एउटा नानी दुधे बालक र एउटा ६ बर्षको नानी छ घरको अवस्था हामी सुदुरपश्चिमका महिलाहरुको अवस्था र यहाका महिला हरुको जोखिमता कति छ भन्ने कुराहरु यहा सर्बबिधितै रहेको छ त्यसकारणले मैले के माग गर्न चाहान्छु भने त्यसको सत्य तथ्य छानबिन गर्नाकालगि प्रदेश सरकारले पनि आफ्नो तर्फबाट एउटा छुट्टै खालको अनुगमन टोलि बनाइयोस महिला को लागि मैले माग गर्न चाहान्छु माननीय सभामुख महोदय मार्फत प्रदेश सरकारलाइ अनुरोध गर्न चाहान्छु साथै त्यहाका नानीको बालबालिकालाइ प्रदेश सरकारले त्यहाको जोखिमताको पुर्ण भरण पोषणको बिशेस गरि राहतको जुन कुरा छ यसको लागि प्रदेश सरकारलाइ जोडदार माग गर्न चाहान्छु र क्षति पुर्ति पनि दिलाइयोस भन्नेमाग गर्न चाहान्छु र साथै मैले पुनः दोहोर्यार भन्न चाहान्छु हामी यदि अस्मिताको हत्या बिभिन्न ढङ्गले लुकाउने र कतै होइन हत्या भन्ने

ढंङ्गले अगाडि बढियो भने त्यसको विरुद्धमा म आफै नै सर्वोच्चमा गयर लड्ने प्रतिबद्धता त्यहाको जनतालाइ मैले दिएको छु र यहि प्रतिबद्धता मैले सभामुख मार्फत यो सरकारलाइ पनि ध्यानाकर्षण गराउन चाहान्छु , धन्यबाद ।

**माननीय भरत बहादुर खड्का**

माननीय सभामुख महोदय डोटि जिल्लामा केहि दिन अगाडि मात्र भिषण बाढिको कारणले त्यस क्षेत्रका बासिन्दामा नगरपालिकामा एउटा ७ बर्षिय जानकि भण्डारि ११ बर्षिय बालिका जेनिस बिष्ट गाबिस देउथलियका ६३ बर्षिय खडक बहादुरको पहिरो बाट ज्यान गएको छ ।मृतक प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु र शोकसन्तप्त परिवार पर्ति समवेदना ब्यक्त गर्न चाहान्छु र सरकारले पिडित परिवारलाइ एउटा राहत उपलब्ध गरावस भन्ने म माग गर्न चाहान्छु त्यसतै केहि दिन अगाडि मलाइ लाग्छ ३१ गतेको अबिरल बर्षाको कारणले बुढिगंगामा पनि ब्यक्तिको ज्यान गएको छ र करिब करिब ४०० घर परिवार बिस्थापित भएका छन त्यसको कारणले पुलको पनि खम्बा भाचियको छ र यो र बस्ति नै खालि गरिएको छ ठाउमा राखेको छ तिनको दर्दनाक अवस्था छ तिनलाइ प्रदेश सरकारले उचित खान पिन र बस्नको व्यवस्था गरिनु पर्छ भन्ने मेरो माग छ र अहिलेको माननीय ज्युले कुरा उठाउनु भयो डडेल्धुरामा एउटा ब्यक्ति आफ्नो भुमिका निर्वाह गर्न आफ्नो काममा गएको मृत अवस्थामा फेला पर्या छ मलाइ लाग्छ यो प्रदेशमा महिलाहरु ज्यादै असुरक्षित भय माननीय सभामुख महोदय हुन पनि अब हामीलाइ लाज लागेको छ आफ्नो कामको शिलशिलामा गएको अब त्यस्तो महिला एउटा दुर्घटनामा लाश देखिएको भए पछि त्यसको अबिलम्व मान्छेले कसैले पनि म माग गर्न चाहान्छु । त्यसतै डोटिमा एउटा घर भेटिएको छ त्यो घरका मान्छेहरु पनि बिस्थापित भएका छन सरकारले त्यतातिर पनि ध्यान पुर्यावस बझाङमा बाढिको कारणले एउटा महिला पहिरोमा परेर ज्यान गुमाएको खबर हामीलाई छ र मलाइ लाग्छ सुदुपश्चिमका बिभीन्न जिल्लामा त्यसता किसिमका घटनाहरु बाढिले गर्दा आएका छन सरकारले छिटो र छरितो आर्थिक उपलब्ध गरावस अन्तमा सभामुख महोदय मेलम्चिमा आएको ठुलो बाढिको कारणले ठुलो धनजनको क्षति भएको छ धेरै मान्छे बेपत्ता भएका छन र त्यसो भएको कारणले त्यसमा दुख ब्यक्त गर्न चाहान्छु र त्यसमा प्रदेश सरकारले पनि मेलम्चिमा भएको मानविय क्षति छ भौतिक त्यलाइ राहत हुने किसिमले प्रदेश सरकारले राहतको लागि पनि सहयोग गरोस भनेर म सभामुख मार्फत आग्रह गर्न चाहान्छु धन्यबाद ।

**माननीय पठान सिँह बोहरा**

माननीय सभामुख महोदय, डडेल्धुरा जिल्लाको पर्शुराम गाउपालिका वडा न. २ मा स्वास्थ्य आधारभुत स्वास्थ्य ईकाई केन्द्रमा कार्यरत २६ बर्षिय अस्मिता धामी जो महिला स्वास्थ्यकर्मि हुन उनको २ गते आफ्नो कर्तब्य पालनको शिलशिलामा जोगबुडा अस्पताल मा काम बिसेस ले आउने क्रममा नजिकैको हट्वानी सामुदायिक बनमा उनको हत्या भएको ५ गते मात्रै जानकारी प्राप्त भयो र अहिले उनको पोष्टमाटन भै सकेको छ मैले भर्खरै जानकारी पाएको छु हिजो दिनभरि उहाको पोष्टमाटन गर्नको लागि

त्यहाको डाक्टरसित धेरै गुनाय बिनाय गरियो तर त्यहाको जोगबुडा अस्पतालको डक्टरले हामी दक्ष जनशक्ति छैनौ हामी दक्ष जनशक्ति होइनौ भनेर उहाहरुले त्यो अस्विकार गरिरहनु भयो तर धेरै रिक्वेष्ट गर्दा उहाहरु सँग धेरै बिनय गर्दा उहाहरुले आज बल बिहान सहमत हुनु भयो र आज बिहान पोष्टमाटन भएको छ म अस्मिता धामी प्रति श्रदासुमन ब्यक्त गर्छु र शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु । र साथै यो घटनामा जो सुकै हुन तिनलाइ छानविन गरेर दोसि पत्ता लगायर अनुसन्धान गरेर कडा भन्दा कडा कानुनी कारबाहि गरियोस भन्ने म नेपाल सरकार प्रदेश सरकार सँग जोडदार माग गर्दछु । प्रदेश सरकारलाइ पनि यस बारेमा जानकारी भएको छ मैले सामाजिक बिकास मन्त्रीलाइ हिजो त्यो पोष्टमाटनको लागि पनि समन्वय गर्न खोजेको थिय त्यो जानकारि प्राप्त भएको छ र यसरि महिलाहरु खासगरि कन दिदाहाडै आफ्नो ज्यान जिउ गुमाउनु पर्ने जुन अवस्था रहेको छ यस प्रति हामी गम्भिर बन्नु पर्छ प्रदेश सरकार गम्भिर बन्नु पर्छ र सरकारका संयन्त्र हरु गम्भिर भएर लाग्नु पर्छ र यो चाँडो भन्दा चाँडो यसको दोषी पत्ता लगाउने अपराधिलाइ पत्ता लगाउने लगाएर त्यलाइ कानुनि कट्घेरमा उभ्याउनका लागि म जोडदार माग गर्दछु माननीय सभामुख महोदय मार्फत प्रदेश सरकारले यसमा अत्यन्त प्रभावकारि भुमिका निर्बाह गरोस भन्ने पनि म आग्रह गर्न चाहान्छु । र निजका परिवारका मान्छेहरुलाइ रोजगारिको ब्यवस्था गर्ने बच्चाहरुलाइ भरण पोषणको एबम शिक्षा दिक्षा निम्ति पनि र बिशेस गरि प्रदेश सरकारले आफुलाइ प्रभावकारि ढङ्गले प्रस्तुत गरोस भन्ने म ध्यानाकर्षण गर्न चाहान्छु । र यो घटनामा संलग्न जो को हि भय पनि तिनलाइ कडा भन्दा कडा कारबाही को लागि म हार्दिक अनुरोध गर्न चाहान्छु ।

**माननीय गोबिन्द राज बोहरा**

माननीय सभामुख महोदय डडेल्धुरा जिल्लाको प्रशुरामा नगरपालिका वडा न. ८ जमुनानगर आधारभुत स्वास्थ्य चौकिमा कार्यरत अस्मिता धामी यहि असार २ गते स्वास्थ्य सामग्रि पुर्याउने क्रममा हट्वानी सा.ब मा बिवस्त हत्या गरेको अवस्थामा अस्ति असार ५ गते फेला परिन दिनदाहाडै यसरि नेपाल सरकारको कर्मचारी माथि गरिएको अमानिव घटना अकल्पनिय दुर्भाग्य छ यो अमानविय घटना प्रति घोर घर्सना ब्यक्त गर्दछु तत्काल प्रदेश सरकार र संघ सरकारले यश घटनाको सत्य तथ्य र छिटो अनुसन्धान गरोस दोषि पत्ता लगायर हदै सम्मको कारबाहि गरियोस र न्याय मिलाइयोस  एउटा मात्र अस्मिता धामी होइन यहाका छोरि चेलिको अस्मिता को सरकारले तत्काल न्याय दिलावस मृतक आत्माको चिर शान्तिको कामना गर्दै पिडित परिवारमा हार्दिक समवेदना  प्रकट गर्न चाहान्छु  र सँगै बाढिको कारणले डोटि, बझाङ मा अप्ठ्यारो परिस्थित आयको छ र माननीय ज्युले अवगत गराउनु भएको छ त्यहा पनि सरकार संवेदनशिल भएर त्यहा पनि बाढि पिडितलाइ संवेदनसिल भएर सहयोग गरोस भन्ने माग गर्न चाहान्छु, धन्यबाद ।

**माननीय सदस्यहरु,**

आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (३) बमोजिम प्रदेश सरकारको आर्थिक बर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) का सम्बन्धमा संक्षिप्त वक्तव्य सहित आर्थिक वर्ष २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि सभामा छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय आ.ब २०७८/०७९ को राजश्व र ब्यको अनुमान जसलाइ हामी बजेट भन्छौ जुन प्रस्तुत भएको छ सम्मानित सदनमा सुदुरपश्चिम प्रदेशका हाल सम्म उत्पिडन मा परेका क्षेत्रहरु बर्गहरु समुदायहरु ले न्यायको अनुभृत गर्ने गरि सन्तुलित बिकास र समन्यव बिकासको मर्मलाइ आशिर्वाद गर्ने गरि सुदुरपश्चिम प्रदेश सरकारले यस सदनमा बजेट प्रस्तुत गरेको कुरा मैले निवेदन गर्न चाहे खास गरेर प्रदेशको बित्तिय कायम गर्ने र बित्तिय अनु|शाशनलाइ कायम गर्ने गरि प्रदेश सरकारको कर्च क्षमता लाइ अभिबृदि गर्ने गरि चालु खर्चलाइ कटौति गरेर अहिले सम्म जति आ.ब हरु हामीले बिगतमा बितायौ ति सबै आ.ब को तुलनामा चालु खर्चमा कटौति हुने गरि र पुँजिगत खर्चमा बढोन्ति हुने गरि खास गरि पुँजगत क्षेत्रका आयोजनाहरु र क्रमागत आयोजनालाइ बिशेस सम्बोधन हुने गरि यो बजेट प्रस्तुत भएको छ र यो बजेटले कृषिलाइ आत्मनिर्भर बनाउने कृषि अर्थ तन्त्रको बिकास गर्ने र स्वरोजगारी सिर्जना ग्रने यिनै उद्देश्यका साथ यो सम्मानीत सदनमा बजेट आयको छ सामाजिक न्याय समेतको समृदि हासिल गर्ने गरि कुनै एक खास स्थान को समृदि होइन कुनै खास एउटा समुदायको समृदि होइन सामाजिक न्याय सहितको आर्थिक समृदि दिगो बिकास हुने गरि खास गरेर सुकुमबासी भुमि हिन र गरिबिको रेखामुनि रहेका बादि समुदाय र अहिले सम्म बर्षौं देखि युगौ देखि उत्पिडनमा परेको बाजुरा जिल्ला र पहाडि जिल्लाहरुले न्यायको अनुभृति गर्ने गरि वास्तवमा सरकार हाम्रो साथमा छ न्याय मरेको छैन समन्यिक बिकासको अवधारणा छँदै छ । भन्ने मर्मलाइ आत्मासाथ गरेर खर्चलाइ पनि अब खर्च क्षमता बृदि हुने गरि बचत गर्ने सरकार बलियो सरकार मानिदैन बलियो सरकारले खर्च गरि बिकास गर्छ , बलियो सरकारले नियन्त्रण र निषेध होइन नियमनलाइ अगाडि बढाउछ र बलियो सरकारले पुजिगत खर्चको दायरलाइ सिमालाइ बढोत्तर गरेर आफ्नो सिमालाइ बढाउछयहि मुल्य र मान्यतालाइ यथावत गरेर हाम्रो प्रदेशका सेवा सुविधाहरु यावत स्रोत साधनहरु लाइ समेर आकलन गरेर अब हामीले वजेटमा नै अख्तियारिका लागि नै वारवार धाइरहन पर्ने यस्तो झन्झटिलो अवस्थालाइ बिगतको तितो अनुभव लाइ अन्त्य गर्ने प्रयास गरेका छौ । सम्मानीत प्रदेश सभाले पारित गरेपछि त्यो सोझै न्यायलयमा लेखा हुने बितिकै सम्वन्धीत मन्त्रालयले अख्तियार पुरा गरेको वा पाएको मानिने गरिने नै समयमा नै बजेट र कार्यक्रमहरु जनताको स्तरमा पुग्ने जतन लेभलमा पुग्ने यो खालको व्यस्था बजेटले गरेको छँ र हाम्रा संयन्त्र हरुलाइ खास गरेर तेस्रो थर्ड पार्टि भेरिफिकेशनको कुरा गर्या छौ जहाभ्रष्टाचारको कुरा उठ्छ जहा बिभेदको कुरा उठ्या छ बिगतमा उठ्या छ ति सबै कुरालाइ बिगतका आयोजना समेतलाइ मध्यनजर गरेर ति आयोजनाहरु आवश्यक थिय कि थिएनन् तिनले भौतिक आयोजना हासिल गर्यो कि गरेन आउट पुट त  आयो होला तर आउट कम आयो कि आएन भौतिक त

बन्यो होला लक्ष्य त पुरा भयो होला तर जनजीवनमा कति प्रभाव पर्यो त्यो त्यहाको वास्तबिकता थियो कि थिएन त्यले जनताको जिबनमा कस्तो प्रभाव पार्यो भनेर बिगतका वर्षहरु समेतको आयोजनाहरुको पुनर्मुल्ङ्कन गर्ने त्यसको सरकारमा संलग्न ब्यक्तिहरु मात्र होइन सिङ्गो सदनको बिश्वास जितेर सिङ्गो आम सञ्चार क्षेत्रको बिश्वास जितेर नागरिक समाजको बिश्वास जितेर जनताका भरोसा बाला नेतृत्व समेत संलग्न गरेर तेस्रो पक्षको अनुगमन जलाइ हामी थर्ड पार्टि भेरिफिकेशन भन्या छौ त्यो समेत गर्ने गरि माननीय मुख्य मन्त्री ज्युको नेतृत्वमा अहिले हामीले नयाँ संरचना खडा गरेका छौ त्यसको छानविन समितिलाइ तुरुन्तै त्यसलाइ सक्रिय तुल्याउने गरि जहा समस्या आउछ त्यसको समाधन त्यहि गर्ने गरि माननीय मन्त्रीको नेतृत्वमा बजेट कार्यान्वयन समिति रहेको छ यलाइ पनि श्रावण १ गते बाट नै सक्रिय तुल्याएर बजेट ले लक्षित गरेका बर्ग क्षेत्रहरु उसले घोषणा गरेका उद्देश्यलाइ समेत हाशिल गर्ने गरि बजेट आधारभुत जनताको जीबनमा पुग्ने गरि त्यले बित्तिय सन्तुलन र बित्तिय अनुशाशनलाइ कायम गर्ने गरि समनाएक बिकासको अवधारणालाइ समेत गर्ने गरि यो बजेट प्रस्तुत भएको कुरा मैले निवेदन गर्न चाहे त्यसैले यो आ.ब २०७८/०७९ को राजश्व र ब्ययको बार्षिक अनुदान बजेट जुन छ यसलाइ सभामा छलफल गरियोस भन्ने कुरामा म माननिय सभामुख ज्युको अनुमति चाहान्छु । माननीय सभामूख महोदय प्रदेश सभा आ.ब २०७८/०७९ को राजश्व र ब्ययको वार्षिक अनुदान बजेटमाथि सभामा छलफल गरियोस भनि सुदुरपश्चिम प्रदेश सभाको प्रदेश सभा नियमावलि १३० को उपनियम ३ बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु र माननीय सदष्य ज्यु बाट यो बजेटको उद्देश्य लक्ष्य जुन प्रदेश सरकारका नीति र कार्यक्रमलाइ यसले सम्बोधन गरेको छ कार्यक्रमिक योजना अगाडि सारेको छ र यसलाइ समेत हार्दिक समर्थन हुने गरि यो प्रदेश सभामा सर्बसम्मत यो बजेट माथि माननीय सदष्यहरुको बहुमुल्य धारणाका साथ माननीय सदष्यहरुको सहयोग हुने छ भन्ने विश्वासका साथ यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद

**माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सरकारको आ.व.२०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३० को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व.२०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) माथिको छलफल प्रारम्भ हुन्छ ।

**सर्वप्रथम माननीय अमर बहादुर साउँद**

माननीय सभामूख महोदय नेपालको संवैधानिक व्यवस्था अनुसार सरकारले असार १ गते कानुनि हिसाबले प्रदेश सरकारको बजेट सम्मानित सदनमा प्रस्ताव गर्न पर्ने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सरकारले आ.ब २०७८/०७९ को बजेट प्रदेश सरकारले यहि यहि असार १ गते यो सदनमा पेश गरेको छ र भर्खरै आर्थिक योजना तथा माननीय मन्त्रीले सदनमा यो बजेट छलफल को लागि टेबुल गर्नु भएको छ यसको लागि म प्रदेश सरकारलाइ माननीय मन्त्री ज्यु लाइ धन्यबाद दिन चाहान्छु । माननीय सभामूख महोदय म सत्ता पक्षको एउटा जिम्मेवार सदष्य वा माननीय हु तसर्थ पनि म यो बजेटको समर्थन र धन्यबाद दिन चाहान्छु मेरो ब्यक्तिगत बिचारमा हामीले आजन आंशिक बजेट लगायर ५ वटा वजेट र ४ वटा यो सम्मानीत सदनमा प्रदेश सरकारले प्रस्ताव गर्यो अथवा हामीले पाश गर्यौ त आज हामी चौठो बजेटको छलफलमा हामी अगाडि बढेका छौ हामीले अहिले सम्मका बजेट जे जति हामीले र जुन बजेटलाइ हामीले जसरि ल्याउन पर्थ्यो त्यो हामीले सिस्टम बसाल्न सकेनौ यसका पछाडि बिबिध कारणहरु रहेको हामीलाइ सर्वबिधितै रहेको छ भर्खरै प्रदेश लोकसेवा आयोग यो योजना आयोग सरकारले गठन गरेको छ तर मलाइ लाग्छ यो ढिलो भैसक्यो प्रदेश लोकसेवा आयोगले शुरुकै दिनमा आर्थिक बर्षमै हामीले प्रदेश योजना आयोग गठन गरिसक्नु पर्ने थियो त्यो नहुदा आज बजेटमा म यसको पक्ष र समर्थन मा त छु तर मैले पनि बिगत नीति तथा कार्यक्रम होस तथा बजेटको कुरा होस यसमा धारणा के थियो भने हामीले योजनाको सङ्ख्या घटाउनु पर्छ र योजनाको जो भोल्युम हो रकम त्यो बढाउनुपर्छ मेरो यो लगातार चौथो पटक र आज पनि यो एउटा बिचार हो म प्रदेश सरकारलाइ म माननीय सभामूख महोदय ज्यु मार्फत भविष्यमा पनि म यहि सुझाव दिन चाहान्छु । यो सङ्ख्या अझै जति घटाउनु पर्ने थियो योजनाको यो आर्थिक बर्षमा पनि हामीले घटाउन सकेनौ त्यसको भोल्युम जति बढाउनु पर्ने हो त्यो बढाउन सकेनौ यो अलिकति हाम्रा लागि सुदुरपश्चिमका लागि अलिकति सकारात्मक हुन सकेन र मैले भर्खरै अस्ति नीति तथा कार्यक्रममा भाग लिदा पनि मैले भनेको थिय भर्खेरै यो आर्थिक बर्षमा हामीले यो आर्थिक बर्षलाइ योजना सृदृढिकरणको बर्ष बनाउनु पर्छ र रातो किताब अझै त्यो भन्दा सानो आवस भन्ने मेरो सुझाव थियो तर त हुन पाएको मैले देखेन अझै हामी जति म्याचुअड हुदै गयौ त्यति नै हाम्रो कार्यकालको जति अन्त तिर जान्छौ त्यो रातो किताबको जुन भोल्युम हो त्यो अझै ठुलो भएर आउदै छ यले गर्दा खेरि यो प्रदेश सरकारलाइ नै यो जुन बजेट छ त्यो कार्यान्वयनकोलागि ठुलो चुनौतिको बिषय बनेको छ अजै बन्ने छ यो खतरा छ र अझै माननीय अर्थ मन्त्री ज्युले यहा भन्नु भएको छ हामीले थर्ड पार्टि अनुगमन गर्ने योजना ल्याएका छौ यो सकारात्मक छ

एले परिणाम देखावस र यो कार्यान्वयन होस बजेट कार्यान्वयन सँगसँगै यो अनुगमन को पाटो पनि प्रदेश सरकारले बलियो बनावस र हाम्रो अनुगमन जुन ल्याएका छौ बिगत बर्षमा नै हामीले यो सम्मानीत सदनबाट पाश गरिसकेका छौ त्यो शुशान ऐनलाइ पनि प्रदेश सरकारले अक्षरस कार्यान्वयन गरोस भन्ने पनि म सुझाव दिन चाहान्छु । सर्सीति अहिलेको बजेटलाइ पछाडि फर्केर हेर्दा म;लाइ मेरो ब्यक्तिगत हिसाबले र मेरो क्षेत्रको हिसाबले म बिगत भन्दा केहि सन्तृष्ट अथवा बिगत भन्दा अहिलेको बजेट सन्तुलित छ भन्ने कुरामा म बिश्वस्त रहेको छु हालाकि मैले अगिनै भने योजनाको रकम भोल्युम त्यो अझै पर्याप्त हुन सकेको छैन र कार्यान्वयनको पाटो के हुने हो यो अझै प्रदेश सरकारमा निर्भर रहेको छ हामी अझै सुझाव दिन चाहान्छु र मैले रातो बुककै कुरा गर्दै हामीले योजनाकै कुरा गर्दा गरिरहदा आज४ बर्ष सम्म जुन रातो बुकमा भएका योजनाहरु ति रिपिट हुदै आज सम्म जस्ताका तस्तै औल्याहा गरेर आएका छन आगामी आर्थिक बर्षमा भोग्न नपरोस र यो जे जति योजना अर्थात जे जति बजेट बिनियोजन गरेको छ बिभिन्न क्षेत्रमा जुन जुन बर्ग सिमान्तकृत बर्ग लक्षित बर्गका लागि तत बर्ग र त्यो क्षेत्र भूगोललाइ कार्यान्वयन गरि अगाडि बढोस भन्ने सुझाव दिन चाहान्छुँ र अन्य धेरै कुराहरु यो बजेट समेट्न नसेकेको हामीले बिभिन्न मान्य ज्युहरु र बिभिन्न जन गुनासो हरु पनि सुन्ने गरेका छौ अब हुन सक्छ धेरै साथिहरु गुनासो गरिरहेको कुरा पनि मैले यता कता सुनिरहेको छु तर खै मत बिगतमा एकदमै पिडित भएर होला अहिले थोरै राहत दिए पनि खुशि छु भन्ने भएर होला जस्तो पनि मलाइ भएको छ जले हिजो ठुलो मात्रामा ठुलो सङ्ख्यामा योजनाहरु कार्यान्वयनको दिशामा अगाडि बढाए र अन्य क्षेत्रमा आफ्नो पदिय जिम्मेवारिको कारणले ठुलो बजेट आफ्नो क्षेत्रमा लिएर बिकास गर्नु भयो उहाहरुलाइ सायद यो बजेटले नछोएको हुन सक्छ तर मैले अधिकांश केहि साथिहरुको कुरा सुनेको छु बिगत भन्दा केहि अहिले सबैलाइ सन्तुलित हिसाबले बिनियोजन भएको छ र गुनासो सबैको त्यहि छ सङ्ख्या धेरै र रकम थोरै यो चाहि हामीले सुधार्नै पर्छ यसमा हामीले जिम्मेवार बन्ने पर्छ र बिगतमा बारम्बार अन्य कुराहरु पनि जस्तै यो प्रदेश सभा प्रदेश सरकारको जननी भन्ने कुरा पनि हामीले बारम्बार कुरा उठाउदै आयको र यो गुनासो गर्दै आएको कुरा र अहिले हाम्रो प्रदेशमा जुन कार्यरत सुरक्षा कर्मी लगायत अन्य कर्मचारी रहेका छन यो बजेटमा उनिहरुको ;लागि प्रोत्साहन भत्ता भएन भन्ने प्रदेश सभा सचिवालयको गुनासो रहेको छ यसमा बिशेस गरि म माननीय मन्त्री ज्यु र प्रदेश सरकारलाइ म यहि मञ्चबाट अनुरोध गर्न चाहन्छु यि प्रदेश सभामा कार्यरत बिभिन्न सुरक्षा कर्मी लगायत अन्य स्वयम सेवक कर्मचारीको प्रोत्साहन भत्ताको लागि यहि आ.ब मा ०७८/०७९ भित्र कार्यान्वयन हुने गरि प्रदेश सरकारले व्यवस्था गरोस भन्ने पनि म प्रदेश सरकारलाइ माग गर्न चाहान्छु र अहिले ०७८/०७९ आ.ब को शुरुवात सँगै देश भरि बाढि पहिरो र बिपत्तिको जिखिम बिगत बर्षको तुलनामा अझै भयाभह हुने संकेत भर्खरै पुर्बतिर बि शेस गरि मेलम्चि लगायत अन्य क्षेत्रमा भएको प्राकृतिक बिपत्तिले यो संकेत गरेको छ सुदुरपश्चिममा पनि सानातिना क्षतपुत घटनाहरु अहिले नै घटिरहेका छन र अझै घट्ने निश्चित रहेको छ त्यसैले यसको पुर्ब तयारिको लागि र यो क्षेत्रको पुनरनिर्माण लगायत बाढि पहिरोबाट रोक्ना लागि र अन्य बिपतिबाट रोक्नाका लागि ति पिडित जनतालाइ राहत दिलाउनका लागि

को प्राकृतिक बिपतिबाट भएका क्षतिको पुन निर्माणको लागि यो आगामी बर्षको लागि प्रदेश सरकारले व्यवस्था गरोस र यो प्राकृतिक बिपतिको पुर्व तयारिको लागि पनि अहिले देखि नै तयार भयर जिम्मेवार भयर त्यसको पुर्वतयारि गरोस भन्ने पनि म सुझाव दिन चाहान्छु र माननीय सभामूख महोदय अहिलेको यो बजेट मेरो ब्यक्तिगत तर्फबाट र ०७८/०७९ को जुन प्रस्तावित बजेटको पक्षमा र मेरो आफ्नो बुझाईमा यो सन्तुलित भएको मैले पुन दोहोर्याउदै र यसमा सन्तुलन र मेरो तर्फबाट धन्यबाद दिदै बिदा हुन्छ धन्यबाद ।

**माननीय प्रेम प्रकाश भट्ट**

माननीय सभामुख महोदय, सर्बप्रथम त हाम्रो सुदुरपश्चिम प्रदेशमा जहिले पनि यो बलत्कारको घटनाले हामी दुखित भएका छौ र जुन डडेल्धुरमा कोरोनाले बिश्व नै एउटा आक्रान्त पारिरहेको अवस्थामा त्यो लडाइमा लडि राखेको जुन सिपाहि हो त्यो सिपाहिलाइ नै जुन बिबर्श घटना घटायका छन ति अपराधिहरुलाइ छिटो भन्दा छिटो कानुनको दायरामा लिएर कारबाहिको प्रकृया का लागि पनि म माननीय सभामुख महोदय मार्फत प्रदेश सरकार र नेपाल सरकारलाइ अनुरोध गर्न चाहान्छु र उहा प्रति श्रद्धाञ्जली र उहाको परिवार प्रति समवेदना प्रकट गर्न चाहान्छु ।र साथै यो अवस्थामा यो बाढिको कारणले गर्दा सिन्धुपाल्चोक जिल्ला लगायत मेलम्चि लगायत थुप्रै ठाउमा धनजनको क्षति भएको छ ति मृतक प्रति पनि म श्रद्धाञ्जली र सम्वन्धित परिवारमा समवेदना प्रकट गर्दै आ078 ब./को बजेट मा 079 छलफलमा जुन किसिमको हाम्रोबजेट हाम्रो आर्थिक मामिला मन्त्रीले पेश गर्नु भएको छ म यसको समर्थन गर्दै र यो बजेट अघिल्लो शालको भन्दा थोरै १० ३३ दुब्ल्यको छ यो थोरै %अरब थियो अहिले ३० अरब आयको छ यो हाराहारी १०जति दुब्लाएको छ तर प्रदेश गौरवका आयोजनाहरु % जुन किसिमबाट यो बजेटले अझै पनि एउटा दीर्घता पाउन पर्थ्यो र यो बजेट त्यतातिर जान पर्थ्ृयो ति झन जिर्ण हुने अवस्था पुगेको छ मैले थुप्रै योजनाहरु हेरे र मैले आफ्नो निर्वाचन क्षेत्र गत बर्ष त्यहा ७ करोड रहेको अहिले कम राखियको छँ झण्डै तर योजनाहरुमा ७५बजेट घटेको छ त्यो ले गर्दा खेरि % हामीले सोचेको यो सुदुरपश्ृचिमको सपना र सुदुरपश्चिमबाट समृदि ल्याउने भन्ने कुरामा हामी कति अगाडि बढ्न सक्छौ भन्ने कुरामा हामीले चिन्तित हुन जरुरि छ र योजना अझै पनि केहि थपिदै छन र किताव मोटो हुदै गएको छ भण्ने कुरा पनि छ र यसको साथै अर्को के पनि भएको छ भने हामीले एउटा योजना बैंक पनि बनाउने भनेका थियौ र त्यो योजना बैंक पनि अहिले किताबमा यो हटेको छ त्यो योजना बैंक पनि हामीले देख्न पाएका छैनौ त्यो योजना बैंक क्रमागत रुपमा अगाडि कसरि छन्ने भन्ने विषयमा पनि योजना आयोग रहेको छ त्यो ले पनि योजना बनाउने भन्ने कुरा ल्याएको थियो त्यो पनि अहिले देख्न पायका छैनौ र त्यसको साथै यसले थुप्रै कुराहरु राम्रा पनि ल्याको छ र थुप्रै बजेटलाइ अगाडि बढायको पनि छ र यि बढाउने मात्र हो कि हामीले कार्यान्वयन कसरि गर्ने भन्ने कुरा मैले बारम्वार प्रश्न उठाउदै आइरहेको छु हाम्रो कार्यक्षमता हाम्रो सरकारले गर्ने कार्यक्षमतालाइ हामीले कसरि बढाउने कति बजेट अहिले पनि एउटा किसिमले जुन चालु खर्च र पुँजिगत खर्च हो अहिले चालु खर्च यो बजेटले एउटा घटाएको छ भने पुँजिगत खर्च यले बढायको छ भने एले गर्दा खेरि पनि हामी के देख्छौ

भने पछि यसको सकारात्मक पक्ष तिर जाने हो भने यसमा स्वरिजगारका कुराहरु रहेका छन र द्धन्द्धमा भएका घाइते अपाङ्गहरुको उपचारको लागि १० करोड रकम छुट्याएको छ यसका साथै मुख्यमन्त्री कृषि कार्यक्रमालाइ पनि निरन्तरता दिइएको छ त्यसका लागि पनि साथै प्रोत्साहन भत्ता भन्ने कुरा यो कर्मचारीको  लागि हाम्रो यो संसद सचिवालयले घटायो हटायो भन्ने गुनासो उहाहरुको रहेको छ भने अर्को तिर शिक्षक हामी त्यो भित्र पर्छौ कि पर्दैनौ भन्ने कुरा पनि उठाइरहेका छौ हामीले प्रदेश का रहने र प्रदेश मातहत पनि भण्न खोजेका हौ कि भने जस्तो पनि लाग्छ तर यसले गर्दाखेरि यस प्रदेश मातहतमा हामी पनि हौ हामी शिक्षक  पनि छन अरु पनि छन हामीलाइ पनि 2- सय 3भएको भए पनि त्यो2 -हजार चाहिदैन थ्यो त्यो पनि बढाउन पर्ने थ्यो हामीलाइ पनि प्रोत्साहन दिन पर्ने थियो भन्ने त्यो 3 कुरा पनि आएको छ र अर्को कुरा हामीले पहिलो बर्ष एउटा कार्यक्रम ल्याएका थियौ जुन कार्यक्रम गाउघरमा रहेका स्वयमसेविकालाइ प्रोत्साहन भत्ता भनेर अहिले त्यो बिमा ल्यादिएका छौ त्यो बिमा तिनको हातमा पर्दैन त्यो बिमा त होला त्यले बिमा कम्पनीको हातमा पर्छ त्यो कारणले त्यो किन हरायो १० हजार रुपिया दिने प्रोत्साहन भत्ता भनेर हाम्रो स्वयमसेविकाले पाउने त्यो  लाइ बरु निरन्तरता गरेको भय हुन्थ्यो कि भन्ने कुराहरु पनि ति गुनासाहरु पनि अहिले रहेका छन त्यसतै खालले हाम्रो पर्यटनका क्षेत्रहरु अहिले एउटा खालको तहसनहस भएको अवस्था छ यातायात क्षेत्र पनि तहसनहस भएको अवस्था छ त्यसले गर्दा केरि हामीले उहाहरु सँग पनि केहि छन भणे केहि लाभ हुने खालका पर्यटन व्यवसायिहरु होटेल व्यवसायिहरु यातायात ब्यवसायिहरुलाइ त्यसलाइ हामीले कसरि ब्यवस्थापन गर्न सक्छौ त्यो खालको बजेट ल्याउन पाएको भए अझै राम्रो हुन्थ्यो कि भण्ने ति कुराहुर पनि ति गुनासाहरु पनि हामीले त्यसलाइ समेट्न सकेको भय अझै राम्रो हुने थियो त्यो र कोरोनाबाट मृत्यु बएका परिवारलाइ पनि हामीले केहि बजेटमा त अलिकति समेट्न खोजिएको जस्तो छ र त्यसलाइ पनि हांमीले राहतका रुपमा कसरि अगाडि बढाउने कोरोनाबाट पिडित भएका परिवारहरु र त्यसबाट मृतक भएका परिवारहरु र यो महामारिमा जुन किसिमका मृतक भएका त्यस्ता कुराहरु त्यो समेटन सकेको जस्तो लागेन र झण्डै हाम्रो यो बजेट छलफल हुदा भौतिक पुर्वाधार मन्त्रालयको हाम्रो यसमा झण्डै १ अरब बजेट त्यो पुर्वाधार बिकास कार्यालयमा गएको थियो अहिले त्यो झण्डै घटेर आएको छ त्यो त्यति पनि त्यहा जान सकेको अवस्था छैन त्यो पनि अख्तियारि दिएका छौ त्यो अनुसार पनि हुन सकेन २२ अरब जति बजेटट आउने भन्ने रकम ३० अरब आयो मैले भने बजेट चाहिने १०ले % ४० घट्यो टोटल बजेटमा तर योजनामा धेरै घटेको छ हिजोका-५० लाख भएका योजनाहरु अहिले आएर ९लाखका योजनाहरु मात्र समेटेको छ अब भोलि आएर त्यो कार्यान्वयनमा त्यसले मागे १०-को योजना कति हो त्यो अनुसार बजेट दिन्छौ भन्ने हो भणे त्यो हो भने पछि त त्यो ठिकै छ नत्र भने त त्यति बजेट ले ति योजना सम्पन्न होलान र ति बर्षौ सम्म ४ बर्ष सम्म मात्र होइन ७बर्षसम्म त्यो ८- योजना सम्पन्न नहुने अवस्था आउन सक्छ त्योभएको कारणले थुप्रै योजनाहरु कस्ता गएका छन भने सांसदहरु बाट सिफारिस भएका योजनाहरु मैले भने दुब्ला छन पात्ला छन तर त्यो बाह्यबाट कहाबाट आएका हुन ति त्यहाका गाउपालिका प्रतिनिधिले दिएका हुन न ति त्यहाका कुनै राजनीति गर्ने

मान्छेहरुले नै दिएका हुन त्यसता योजनाहरुमा थुप्रै मोटो मोटो रकम गएको छ ५० लाख १ करोड त्यसता खालका रकम पनि गएका छन ति योजनाहरु कहावाट आएका हुन ति कुराहरु पनि हामीले गर्नै पर्छ र अर्को कुरा हामीले सामाजिक मन्त्रालयले २ कोठे भन्दा अरु हामी ४ कोठे पार्दैनौ भनेका थियौ तर कतिपय पहुच भएको ठाउमा ४ कोठे ब्लक त्यो योजना किताब भित्र पनि ४ कोठे ब्लक गएको देकिन्छ र त्यो ४ कोठे ब्लक जाने भन्ने योजना राख्न सकेको छैन त्यशैले हामीले नीति बनाउने हो भने अलिकति सबैको लागि बनाउनुपर्ने हुन्छ पहुचँ भएका मान्छेको लागि अलग नीति र अरुको लागि अलग नीति भयो भने त्यसले एउटा किसिमबाट असहज ल्याउछ र त्यसले बिकास का काम गर्न सक्दैन त्यसैले हामीले नीति निर्माण गर्ने हो भने सबैको लागि समान हुनुपर्छ मन्त्रिकोलागि अलग र माननीय हरुको लागि अलग नीति हुने हो भने हामीले समृद प्रदेश बनाउन सक्दैनौ त्यसैले मैले यो सुझाब प्रदेश सरकारलाइ दिन चाहेर यसका बाबजुत पनि कतिपय हाम्रा त्रुटिहरु पनि रहेका छन र हामीले सुधार्न र समृद र सुखि एउटा प्रदेश बनाउने हो भणे मैले पहिले देखि नै भन्दै आएको एउटा हाइड्रोपावर र जलबिद्युत योजनामा बढि लगानी गर्नुपर्च र त्यो जलबिद्युत आयोजनामा हाम्रो यो डिपिआर को लागि हो कि यो ५८ करोड रुपिया छुट्याउने पोहोर शाल परार साल देखि यो डिपिआर मै सकिने खालको यो शुरु कहिले गर्ने हामीले अहिले ३ वटा शुरु गर्ने भनेका छौ लोएर शुर्नया र अपर शुर्नया र चमेलिया त्यो ३ वटा मा हामीले कार्यान्वयन गर्ने भनेका छौ त्योलाइ यो बर्षबाट दैखिने गरि त्यो लाइ कार्यान्वयनमा जानुपर्छ र जसले हामीलाइ आयआर्जन पनि होस र जसले गर्दा यहाँको ट्ताक्स पनि बढोस राजश्व कसरि बढाउन सक्छौ यो प्रदेशको उद्योग धन्दा र कलकारखानामा पनि कसरि लगानी गर्न सक्छौ त्यो खालको बजेट हामीले त्यो गर्ने सकेनौ भने त्यो सानो सानो उसमा अब एउटा हामीले सवै माननीय ज्युहरुले पनि कसरि एउटा बिकासको लागि पनि कसरि एउटा साना योजना बनाउने र ठुला देखिने खालका योजना कसरि बनाउने भन्ने पनि त्यो जरुरि हुन्छ र हामीमा पनि कतिपय कमजोरि रहेका छन हामीले योजना दिदा खेरि सानातिना दिने र त्यसको प्रोजेक्ट हेर्दा खेरि ठुला ठुला हेर्ने यसले गर्दा खेरि पनि समस्या भैराखेको छ । यसका लागि पनि हामीले छलफलहरु त त्यो एउटा खालको गर्न पर्ने देखिन्छ त समग्र मा हामीले हेर्ने हो भने यो बजेट अलिकति ढाटियो कि भन्ने हामीलाइ लागेको छ हाम्रो माननीयहरुलाइ लागेको छ यो २२ अरबको आउछ भन्यो आउदा खेरि यो ३० अरबको आयो र यो अलिकति योजनाहरु पनि त्यहि किसिमले आउलान कि भन्ने खालको थ्यो केहि कोरोनाले खायो होला कोरोनाको शुइ लाउन पाउने यो प्रदेशले २अरबको शुइ त्यो लाउन पर्ने पनि त्यो पनि ५.२- एउटा पोजेटिभ नै रहेको छ यो पनि एउटा समेटियको नै छ तर त्यसको बाबजुत पनि हामीले अलिकति ठुला ठुला योजनालाइ पनि हामीले हात हाल्ननु पर्ने थियो बनाउनु पर्थ्यो त्यो बनाउन नसक्दा पनि हामी अलिकति चिन्तित भयका छौ र फेरि पनि बजेटको म समर्थन गर्दै आफ्ना भनाइहरु यहि टुङ्ग्याउछु धन्यबाद ।

**माननीय टेक बहादुर रैका आउजी**

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेश सरकारले अति शुन्दर राम्रो तरिकाले यले गास बास कपास र दलित समुदाय पछाडि परेका बर्ग समुदाय जुन किसिमले त्यो नीति तथा कार्यक्रम ल्यायको थियो सम्बन्धीत मन्त्रालयबाट हेरेर यहा आज जहिले पनि दलितकै कुरा हुन्छ लाख रुपिया छुट्याएको छ 9 ,दमाइ कामीकरोड रुपिया अनि कति पर्यो ९ जना पिडित पक्ष अनि ११ राउटे कोरोना पिडितलाइ , तिनका भागमा यो के पिछडियको यो थुप्रै ठाउमा त्यो देखिएको छ र म यो हासो पनि गर्छु माननीय सभामुख महोदय जाकेट नै मैले छ धुम भने कति धुम मन नै महिलो छ हासम भने कति हासमयस सभामा प्रत्यक्ष निर्वाचन भएका माननीय ज्युलाइ १ जना चाहिन्छन भने टेवा रहेका सम्पर्क गर्नुहोला मैले पत्रकारबाट आयको योजना म फिर्ता गर्न तयार छु सम्बन्धित मन्त्रालयमा गएर त्यो योजना लगेर जाउ मेरो खुसि छ भने हो भने प्रदेश सरकार प्रमुख बोल्नु भो हामी कुनै किसिमको बिभेद गर्ने वाला छैन हामी कुनै समानुपातिक प्रत्यक्ष भन्ने वाला छैन हामी प्रगतिशिल हौ हामी उन्नतिशिल हौ त्यतिमात्र होइन हामी लोकतन्त्रबादि हौ रे कांग्रेसलाइ पनि लोकतन्त्र वादि नभनेर आफे लोकतन्त्रवादि रे आज यहि हो त प्रदेश सरकारको नीति प्रदेश सरकारलाइ भन्छु माननीय सभामुख मार्फत मञ्चमा भाषण मिठा गर्ने काम नगर्नुस सरकारलाइ म आजै भन्न चाहान्छु माननीय सभामुख महोदय यो पिडा बोल्छ मलाइ त आज के लाग्या छ भने जहिले पनि यो टेवा गर्छु त्यसै भन्छ आज त सभामुख मार्फत जाउ र मैले यो मन्त्रलायलाइ योयो कुरा माग्या हु र मलाइ यो दियो र यो दिएन भनेर म सभामुख लाइ देखाउने वाला छु त पछि सुते सभामुखलाइ किन आरोप लगाउने त मेरो आदरणीय सम्मानीय ब्यक्तिलाइ प्रदेश सरकारका माननीय मन्त्रालाइ भनौला हेरनुस कृषि मन्त्रालयबाट मागेको धेरै कुरा त केहि पनि थियन एक ठाउमा ५ वटा कुलाहरु थिय तोकेर दिया छ ५ लाख रुपिया अब त्यो ५ लाख रुपिया ले त्यत्रा कार्यक्रम एउटा आउने र त्यत्ता एउटा कार्यक्रम पनि कहि योजना हुन्छ त्यो स ?ोच्नुहोस हिन्दु धर्मको बिरोधमा सारा दलितहरु जातिय छुवाछुतको शुरुवात गरेर हिन्दु धर्मको त्याग गर्ने को लहरो भएको छ म बाहुनको छोरा जनाइ हाल्न छोडिहाले त्यति मात्र हु भनेर क्षेत्रि बाहुनको छ नत्र दलित र अरुमा केहि फरक छैन केहि फरक पर्छ कि भनेर मैले बन तथा बातावरण मन्त्रालयका मन्त्रि यहि छन सभामुख महोदय के मैले गल्ति ग्रया हुम यले गर्दा के छँ भने सरकारले ल्याको नीति नियमहरुलाइ सम्बन्धित मन्त्रालयले सहयोग नगरेको देखिन्छ । यो ले के हुन्छ भने नीति तथा निर्माणमा जुन बचन जोडिसकेपछि त्यो कटिबद्ध भएर लाग्नु पर्छ सरकारले दिएको नीति तथा कार्यक्रममा कटिबद्ध भयर भाषण गरिराखेर म सँग यति पैसा छ भनेर भन्दा खेरि र दुख्ला कि ईमान्दारी पुर्वक म यो कार्यक्रममा संलग्न छैन माननीय सभामुख महोदय बरु निर्वाचन मा फिर्ता गर्न तयार छु म माननीय भएको ५ बर्ष भयो पुरानो अर्थ मन्त्रीले २० लाख हाल्दियो पोहोरको बर्ष २ लाख र अहिले सामाजिक बिकास मन्त्रीले २० लाख हाल्दियो यो सकिने त्यो बाटो कहिल्यै पुरा नहुने मैले ब्यक्तिगत बाटो बना त होइन एउटा समाजको लागि बनाको हो यो बर्ग पनि शोशित बर्ग हो यसले जनताका लागि राम्रो काम गर्या छ यले पनि जनताको सेवा गर्या छ भन्ने भाव त आयको छैन त त्यो सरकारले नीति तथा कार्यक्रममा दिएको कुराहरुलाइ सम्बन्धित मन्त्रालयले सहयोग गरेको छैन यदि सम्बन्धीत मन्त्रालयले सहयोग गरेको हो

भने यो प्रति हाम्रो छैन सरकारले गरेको गरेको घोषणा सरकारले गरेको नीति कार्यक्रम प्रत्यक्ष जनताको विचमा लगेर जान पर्यो त्यसमा मन भन्या छु मैले किन पर्या छन मान्छे बाजुरा पर्या छन बझाङमा परेका छन सवै ठाउमा पर्या छन के म दलित समुदायको मान्छेले आज नपाउनु के म हिन्दु नभएको कारणले मेरो योजना काटेको यो के  हो भन्छ भने सबै सामन्तबाद चरित्रहरुलाइ जति प्रगतिशिल भाषण गरे पनि मनमा राम र बगलिमा छुरा भएको कुरा प्रष्ट रुपमा देखयाको हुनाले मैले आफ्ना दुखेसाहरु राख्दै बिदा हुन्छु धन्यबाद ।

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय, निर्मला पन्तको निर्मम हत्या प्रति नजर नलागाउने सरकार भागरती भट्टको बिबत्स हत्या प्रति चासो नदिने यो सरकार र हाम्रो यहि महिनाको २ गते अस्मिता धामीको अस्मिता लुटियर हत्या गरिएको घटना प्रति पनि यो सरकारको ध्यान जाला जस्तो मलाइ लागेन तथापि त्यो घटनाको म घोर भनसना गर्न चाहान्छु मृतक आत्मा प्रति श्रदासुमन ब्यक्त गर्न चाहान्छु र सोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्न चाहान्छु र यो सरकारको थोरै पनि सरकार सँग संवेदनशिलता बचेको छ बने त्यो घटना स्तलमा सरकारका प्रतिनीधिहुरको उपस्थिति होस र घटना बाट पिडित परिवारलाइ यो सरकारले अभिभावकत्व देवस भन्ने आग्रह गर्न चाहान्छु सभामुख महोदय प्रत्यक्ष रुपमा गयका निरन्तर ४ बर्षहरु मा भएका छलफलहरु र आएका बजेटहरु यश बरष्को बिनियोजित बजेटका छलफल माथि उठेका कुराहरु त्यसका सिद्धान्त हरु के बनाउने यो बजेटका यसका आवश्यकताहरु के हुदा उपयुक्त हुन्छ भण्ने सरकारले सदनलाइ राखेको प्रस्ताव र त्यो प्रस्ताव माथि छलफलवाट आयका कुराहरु र त्यसपछि यो  सरकारले नीति तथा कार्यक्रम ल्याउदै गर्दा खेरि पहिलो पटक सुदुरपश्चिमको सरकारले रंगिन डुप्लेटमा ल्याको थियो र तो प्रस्तुत बए पछि यो सदनवाट मागिएका सुझावहरु को जवाफ दिदै गर्दा खेरि यो सरकारको नेतृत्व गरेको नेतृत्वकर्ता मुख्यमन्त्री ज्युले यति निरश ढङ्गले यति अनउत्तरदायी ढङ्गले यति गैरजिम्मेवार ढङ्गले यो सदनका अगाडि आफ्नो अभिब्यक्ति राखु  भयो म यो सभाको सदष्यको हैसियतले मैले त्यसै दिन महशुस गरेको थिय रंगिन कपिमा आयको नीति तथा कार्यक्रममा यो सदनवाट जति चर्चा परिचर्चा भएतापनि बिनियोजित बजेटमा जति सकारात्मक कुरा हरु यो सदनबाट उठेतापनि सरकारका प्रतिनीधि तथा अभिब्यक्तिका हिसाबले यो बजेट अब आउने 078/079  को बार्षिक कार्यक्रमको जुन बजेट छ यो बजेटबिगतका बजेट भन्दा पनि अझ जनताका पक्षमा होइन बिपक्षमा सुदुरपश्चिमको समृदिमा होइन सुदुरपश्चिमको बिकासको अवरोधमा सुदुरपश्चिमका पिडामा रहेको नागरिकका पक्षमा होइन सुदुरपश्चिमका यो सरकार गठन भय पछिका बिचौलिया हरुको मिलोमहत्वमा यो सरकार आउछ भन्ने मैले अनुमान गरको थिय सभामुख महोदय यो १५८ पृष्ठको लामो सुदुरपश्चिम बासिका नाममा सदनका नाममा देख्यौ तिमिहरुले जे भने पनि हामीले मान्ने वाला छैनौ जसरि निर्मलाको निर्मम हत्या हुदा खेरि हामीले सुनेनौ भागरति भट्टको बिबर्स हत्या हुदा खेरि त्यो हत्याराको नजिक पुग्ने हामीले कोशिस नै गरेनौ र यो अस्मिता धामि को भर्खैरै हत्या भएको छ त्यतातिर पनि हाम्रो ध्यान जाने छैन यो बजेट 078/क 079ो बजेट यो सदन भित्र बाट उठैका सांसदले जति गरिमा बोकेका भय पनि

ति सुदुरपश्चिमका नागरिकको नजिक र सुक्ष्म ढङ्गले अध्यन गरे पनि हामी तिमिहरुका कुरा सन्दैन भनेर भन्नु भएको छ त्यसका लागि म यो सरकारलाइ धन्यवाद दिन चाहान्छु त्यसैले भनेको थिय माननिय सभामुख महोदय मैले बिनियोजित बिधेएक माथि छलफल हुदै गर्दाखेरि मैले नेपालको सिङ्गो चिरपरिचित यो मानचित्रमा चाहे राजनीतिक मा होस चाहे कर्मचारी बृतमा होस चाहे प्रशासकिय बृतमा होस उहालाइ भ्रष्ट प्रशाकको रुपमा चिनिन्छ उहाको उदाहरण त्यसै कारणले दिएको थिय सभामुख महोदय उहाको जिबन बचाउने लोभले एउटा आयुरवेधिक डाक्टरकोमा गयर कोरोनाको औषधि माग्दै हुनुहुन्छ भनेर मैले त्यहि कारणले भनेको थिय सभामुख महोदय आफुलाइ एउटा पुर्ब प्रशासकले कसरि भन्ने चाहन्छु आफ्मा शब्दबाट भने डाक्टर साहेब म किन बाच्न चाहान्छु भने यो देशका महाभ्रष्टचारीलाइ कारबाहि गर्न पायो भने त्यो दिन म स्वर्ग गएको ठान्ने छु त्यसै कारणले माननीय  म बाचिराखेको छु त्यसै कारणले यो कोरोनावाट तपाइले बनाको दबाइ छ भन्ने सुनेर तपाइको मा आयको भन्ने सुनेर डक्टरलाइ समेत भ्रमित पार्ने यो अभिब्यक्ति यो गरिमामय सदनलाइ जसरि यो सरकारले यो बजेट मार्फत छल्याएको छ झुक्याएको छ अपमान गरेको छ सदनलाइ सुदुपश्चिमको जनताको आवाजलाइ सुदुरपश्चिमको जनताको बिकासमा आयको यो बजेटलाइ त्यो यो ४५८ पाना आयको छ माननीय सभामुख महोदय यो हरेक दिन सदन चलेको वेला यो प्रदेश सभाको नियमावलिले व्यवस्था गरे अनुसार आफ्नै हरेक दिन यो सरकारका मन्त्रीहरुलाइ सरकारलाइ यो प्रश्न गरेको सभामुख महोदय  यति अपमानित गर्ने ढङ्गले आयको छ सभामुख महोदय मैले त्यति खेर एउटा उदाहरण दिएको थिय सभामुख महोदय माओत्से सेतुङ ले चिलिको निर्माण गर्नको लागि झण्डै ३० हजारका हाराहारिमा भ्रष्टचारिलाइ फासि दिएको थियो । परिवर्तित अवस्थामा मुलुकको राजनीतिक अवस्था परिवर्तित अवस्थमा रहेको छ मुलुक को राजनीति जनताको नासो संविधान प्रतिनिधि सभा को गएको छ लोकतान्त्रिक अधिकार माथि हरेक दिन केन्द्र सरकारका निर्णयले आक्रमण गरेको छ यो परिवेशमा निसन्देह सुदुरपश्चिम प्रदेश को सरकारले रानजीतिक रुपमा यो कुरालाइ आत्मा साथ गरेको होला भनेर बिश्वास गरेको छु सभामुख महोदय त्यो पनि देखियन सभामुख महोदय प्रतिपक्षको मौनतालाइ  कमजोर ठान्यो यो सरकारले म सरकारलाइ चुनौति दिन चाहान्छु यो सदनमा यो चौथो बर्ष हो तपाइहरुले जनताका समृदिका नाउमा फेरि पनि भन्न चाहान्छु बिचौलियाहरुलाइ माध्यम राखेर पनि यो ४५८ पानाको बजेट निर्माण गर्नु भएको छ यो नै सरकारको गल पासो हुने छ तपाइहरुलाइ अख्तियारको कट्घेरामा होइन यो कार्यान्वयन गर्दै जाँदा खेरि अदालतमा होइन जनताको अदालत जनताको मन्दिर को सरकारको हो सरकार भनेको त्यो मन्दिरको पुजारि भयर जनतालाइ अपमान हुने जनताको प्रतिनिधि मुलक संस्था प्रदेश सरकारलाइ अपमान हुने जनताका आवाजहरुलाइ आफुले प्राप्त गरेको ३० हजार मत  लाइ ३० औ करोड जनताको दम्भका तपाइहरुले जसरि यो बजेट ल्याउनु भएको छ यो तपाइहरुको लागि गलपासो हुने छ सभामुख महोदय र मैले आशा गरेको थिए परिवर्तित अवस्थामा हिजोको सरकारले भ्रष्टाचार गरेको थियो ति मध्ये धेरै मान्छे सरकारबाट बाहिरिसकिय र केहि मान्छे सदनबाटै बाहिरए जसरि मावत्सेतिङ्गको बिचार धारा नजिक बाट राजनीतिक करिएरका मान्छेहरुको यो सरकार छ तिनै

मावत्सेतुङले ३६ हजारलाइ फासिको सजाय दिए पनि त्यो अवस्था हाम्रो संविधानमा छैन ताकि बिगतका दिनमा संघिय सरकारबाट आएको अथवा प्रदेश सरकारबाट बिनोयोजित बिधेएकमा जहाँ भ्रष्टचार भएको छ ति भ्रष्टाचारिहरुलाइ ३६ जना नै बएपनि कानुनको कट्घेरमा ल्याउने अभियानमा सरकार लाग्ने छ भन्ने थोरै अपेक्षा गरेको थियो थोरै आभास गरेको थियो थोरै रङ दिएको थियो थोरै हावा दिएको थियो सरकारले तर यो दुर्भाग्य ४५८ पृ ष्ठको सुदुरपश्चिमको बासीको नाउमा आयको यो बिकृतिले के ठहर्याएको छ भने यहा भ्रष्टचार नियन्त्रण होइन बजेरटलाइ नियमन होइन शुशानको आभास होइन भ्रष्टचारीहरु निहत्त नागरिक सोझासिदा कार्यकर्ताहरु सिद्धान्त को फोहोरि राजनीतिमा बाचिरहेका सोझा गाउलेहरुलाइ भ्रष्टचार गर्न सिकाउने सञ्जाल बनेर आएको छ त्यलाइ संरक्षण गर्ने पुर्ण प्रतिबद्ध च यो सरकार भनेर आभाश आइएको छँ अहिले सम्म भएका भ्रष्टाचारको र बाँकि भ्रष्टाचारको गर्ने कुरामा यो सरकार दीर्घ संकल्पित छ भन्ने ढङ्गले आएको छ सभामुख महोदय यो म केहि बिस्तान्तहरु म यहा पढेर सुनाउने अनुमति चाहान्छु सभामुख महोदय ४ बर्षसम्म हामीले सर्बे गरेका छैनौ सर्बेका नाउमा हामीले डिपिआरका नाउमा तालिमका नाउमा अध्ययनका नाउमा अनुगमनका नाउमा अनुसन्धानका नाउमा , बिभिन्न शिविर गर्ने नाउमा करोडौ रुपुया छुट्याएको छ सभामुख महोदय ब्यक्तिका नाउमा प्रसङ्ग मात्र म यहा गरिमामय सदनमा उठाउनेअनुमति चाहान्छु मनु पाठकको घर देखि शुरामणीको घरसम्म जाने सम्म दलबहादुरको घर बाट तिलक बहादुरको घर जाने सम्म धनबहादुरको घर बाट गिता जिको घर जाने सम्म योजनाहरु करोडौ रुपमा छुटयाएको छ यसमा यो ५ दर्जन भन्दा बढि योजना छन ब्यक्तिको नाउमा छुट्याएको यसमा सरकारको गम्भिर ध्यानाकर्षण गर्न चाहन्छु झण्डै झण्डै २७ लाख जनसंख्या भएको यो सुदुरपश्चिम प्रदेशमा हरेक नागरिक प्रति यो सुदुरपश्चिम प्रदेश सरकार संवेबनशिल नै हो भने यो कैलाली कञ्चनपुरमा मात्र छन सभामुख महोदय यो पेज न देखि १५२ .२०० सम्म यो लेखियको छ सम्म 219 देखि 203लेखियका छन यि योजनाहरु ५ दर्जन बन्दा बढि छन ब्यक्तिलाइ केन्द्रित गरिकन योजना ल्याउन उत्कृष्ट अभिलाशका साथ यो बजेट बनाउन तल्लिन थियो यो सरकार भणे यहा किन ध्यान गएन कहा दार्चुलामा टिङ्कर भन्ने ठाउ छ एउटा चीनको बोर्डरमा त्यहा एउटा गाउ छ ५०-५२ वटा गाउ छन त्यहाबाट प्रतिनीधित्व ग्रने प्रदेश सभामाननीय हुनुहुन्छ प्रदेश सभामा त्यो ठाउमा मलाइ लाग्छ सुचना प्राप्त भए अनुसार २ वटा मात्र दलित परिवार रहेका छन ति २ वटा परिवारलाइ ईन्डिकेट गरेर यो ६० वटा ठाउमा जो ब्यक्तिको नाउमा सडक योजना बनाउने कैलाली र कञ्चनपुरमा बस्ने मानिसका घरबाट एक मानिसको घर बाट अर्को मानिसको घर जोड्ने जुन सडकको योजना बिनियोजित गरिएको छ तिनको नाउमा छुट्याएको भए पछि के हुन्थ्यो होला बझाङ को सतिवेलि भन्ने ठाउ छ असाध्ये दुर्गम ठाउ मध्येको एउटा ठाउ सतिउने भन्ने ठाउ त्यहा बोहरा जातीका माननिसहरु बस्ने गर्छनत्यहाका मानिसहरु सबै बिहान बेल्का देखि बिहान खाए देखि बेल्का के खाने भन्ने आजको दिनमा पनि संघर्ष गरिरहेका छन सभामुख महोदय ति परिवारलाइ ईन्डिकेट गरेर बजेट छुटयाएको भय यो सरकारको शिर झुक्ने थियो र यो सरकारको गरिमा घट्ने थियो र सभामुख महोदय त्यसै गरि बाजुराको एउटा बिगट ठाउ छ गुम्बा भन्ने ठाउ त्यहा कुँवर भन्ने जातका बस्छन त्यहा असाध्यै गरिब

अवस्थामा छन तिनलाइ ईगिंत गरेर बजेट छुट्याएको भय के हुन्थ्यो सभामुख महोदय डडेल्धुराकै मालाशमा ५ वटा दलित बस्तिहरुका घर छन तिनलाइ ईगित गरेर छुट्याको भए यो सरकारलाइ के घाटा हुन्थ्यो र डडेल्धुराकै लेपुमा थोरै बस्तिहरु बस्छन थोरै घर रहेका छन त्यहा बिहान देखि बेलुका सम्म जिबिको पार्जन कसरि गर्ने भन्ने अप्ठ्यारो परिस्थितिमा रहेका छन सभामुख महोदय यो बजेटमा २५ हजार भन्दा मुनिका दर्जनौ योजना आएका छन हरेक निर्बाचन क्षेत्रमा कृषिको नाउमा बजेट छुट्याको छ कति ठाउमा छुट्याएको ६० ठाउभन्दा का दरले झण्डै झण्डै केहि कार्यकर्ता फस्ने गरि यो बजेट बिनोयोजित भएको च सभामुख महोदय । त्यो कारण मैले नीति तथा योजना निर्माण गर्ने क्रममा भनेको थिय माननीय सभामुख महोदय यहाने रआफ्नो छोरिलाइ लेखेको चिठिको चीठि संसारका लागि अबिस्मरणीय रहने छ लिङ्कन ले आफ्ना छोरा पढ्ने प्रिन्सिपल लाइ लेखेको चिठि संसारका हरेक बर्गमा मानिसहरुको लागि गाइड लाइनको रुपमा लिने गरेका छन त्यो रंगिन नीति तथा कार्यक्रम देखियको हुनाले यसपाली यो सरकारले कार्यक्रम ल्याउछ कि भन्ने झिनो आशा लियको थियो यो सरकारको आयु मैले अनुमान गरेको थिय ७ दिन भन्दा बर्ता आयु यो रंगिन नीति तथा कार्यक्रम हुने छैन भनेर मैले अनुमान गरेको थिय सभामुख महोदय नभन्दै यस्तै भयो यो सरकारले यो नीति तथा बजेट यो ल्याको छ 078/को बार्षिक बजेट यश सदन सुदुरपश्चिमका जनतालाइ अपमान गर्ने र 079 अहिलेको जुन बिषम अवस्था रहेको छ रोग र भोकको अवस्था त्यलाइ पुर्ण रुपमा बेवास्ता गर्ने ढङ्गले आयको हुनाले म यसको बजेट जुन आएको छ त्यसको घोर भनसना गर्न चाहान्छु सभामुख महोदय धन्यबाद नमस्कार ।

**माननीय सदस्यहरू,**

आजको छलफलको निर्धारित समय यही समाप्त हुन्छ । बाँकी छलफलको कार्य मिति २०७८ साल आषाढ ८ गते मंगलबार दिनको २:०० बजे देखी हुने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।